**निर्णयहरू:**

१. चालु आर्थिक वर्ष २०८०/०८१ को वार्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि मन्त्रालयहरूले कार्ययोजना तयार गरी सोही अनुरुप कार्य सम्पादन गर्ने व्यवस्था मिलाउने।

२. गत विगत सालदेखि मन्त्रालय/सचिवालय/आयोग वा अन्तगत सालबसाली अस्थायी रूपमा सृजना भएका कर्मचारी दरवन्दीहरू चालु आ.व. का लागि समेत आवश्यक पर्ने भएमा सम्बन्धित निकायले अस्थायी दरवन्दी स्वीकृती सम्बन्धी प्रक्रिया समयमै अगाडि बढाउने।

३. कैलाली र कञ्चनपुर जिल्लामा रहेका होल्डिङ्ग सेन्टरहरूको उपयोगका सम्बन्धमा सबै मन्त्रालयहरूले अध्ययन अवलोकन गरी उपयुक्त राय धारणा ३ दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने।

४. मन्त्रालयहरूले मातहतका निकायलाई विपद् जोखिम न्यूनिकरण एवं प्रतिकार्यका सन्दर्भमा तयारी अवस्थामा रहन र जिल्ला विपद् व्यवस्थापन समिति एवं स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा श्रोतसाधन र जनशक्ति परिचालन प्रभावकारी तुल्याउन आवश्यक निर्देशन दिने।

५. सबै मन्त्रालयका सचिवहरूले सम्वत् २०८० श्रावण १५ गतेका दिन प्रमुख सचिव समक्ष कार्य सम्पादन सम्झौता गर्ने। साथै सम्बन्धित सचिवले आफु मातहत निकायका प्रमुखहरुसँग श्रावण मसान्तभित्र कार्य सम्पादन सम्झौता गर्ने।

६. प्रदेश तहमा एकीकृत अनुगमन प्रणाली (Integrated Monitoring System) को उपयोग गर्न सो प्रणालीको सफ्टवेयरमा पहुँच एवं प्राविधिक सहयोगका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयसँग अनुरोध लेखी पठाउने।